दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**बिपद्‌को पूर्व तयारी गरौं।**

**भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, हावाहुरी, चट्याङजस्ता बिपद्‌जन्य जोखिमबाट जोगिन:**

- घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं,
-जोखिमयुक्त ठाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं,
-आपतकालीन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात आदि) सधैं तयार राखौं,
- विद्यालय, कार्यालय र समुदायमा बिपद् व्यवस्थापन योजना बनाऔं,
-अफवाह नफैलाऔं - आधिकारिक जानकारीमा मात्र भर परौं।

**बिपद् रोक्न सकिँदैन, पूर्व तयारी गरे क्षति घटाउन सकिन्छ।**

नेपाल सरकार विज्ञापन बोर्ड



वर्ष ३७ | अंक २९२ | बुटवल | २०८२ कार्तिक १६ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday November 02, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## एमाले महाधिवेशन काठमाडौंमै हुने

बुटवल। नेकपा एमालेले एघारौं महाधिवेशन हुने स्थान परिवर्तन गरेको छ। यसअघि पोखरामा महाधिवेशन गर्ने निर्णय गरेको एमालेले अब काठमाडौंमा महाधिवेशन गर्नेगरी निर्णय लिएको छ।

शनिबार अध्यक्ष केपी शर्मा ओलीको निवास गुन्डुमा बसेको सचिवालय बैठकले महाधिवेशनस्थल परिवर्तन गर्ने निर्णय गरेको हो। उप-महासचिव प्रदीप ज्ञवालीका अनुसार मंसिरमा पोखरामा तय भएको महाधिवेशन काठमाडौंमा नै गर्ने निर्णय गरेको हो।

एमालेको दशौं केन्द्रीय कमिटीको बैठकबाट मंसिर २७ देखि २९ सम्म महाधिवेशन गर्ने निर्णय गरेको थियो।

## कमल गौतमलाई शहीद घोषणा गर्न माग

बुटवल। नेकपा एमाले सम्बद्ध नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) अध्यक्ष विनोद श्रेष्ठले श्रमिक नेता कमल गौतमलाई शहीद घोषणा गर्न माग गरेका छन्। जिफन्टको आयोजनामा शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रममा उनले यस्तो बताएका हुन्। जिफन्टका उपाध्यक्ष समेत रहेका गौतमको भैरहवास्थित नेपाल विद्युत् प्राधिकरण कार्यालय अगाडि आयोजित धर्ना कार्यक्रममा भाषण गरिरहेका बेला गत बिहीबार निधन भएको थियो।

६४ वर्षीय गौतम श्रमिकको पक्षमा निरन्तर आवाज उठाउने व्यक्ति भएको बताउँदै श्रेष्ठले महान शहीद भएको बताए।

जेनजी आन्दोलन र वर्तमान सरकारको रवैयाका कारण हजारौं श्रमिकहरूको रोजीरोटी गुमेको उनले जिकिर गरे। '५०औं हजार मजदुरहरूका निम्ति बोल्दा बोल्दै ज्यान गुमाएका कमरेडलाई शहीद घोषणा गरिनुपर्छ।'-श्रेष्ठले भने।

उनले श्रमिकहरूको अधिकारको लागि आफूहरूको आन्दोलन जारी रहेको पनि बताए।

## उद्योगमा लाइन काटेको समस्या तत्काल समाधान गरियोस् : ढकाल

बुटवल। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले उद्योगहरुमा विद्युत् कटौतीको समस्या तत्काल समाधान गर्न सरकारसंग आग्रह गरेका छन्।

अर्थ मन्त्रालयमा आयोजित सार्वजनिक निजी संवाद कार्यक्रममा बोल्दै अध्यक्ष ढकालले उद्योगहरुको विद्युत् लाइन काटिँदा देशभरका दजर्नौ उद्योगहरू बन्द हुन पुगेको र यसबाट हजारौं रोजगारी संकटमा परेको भन्दै वार्ता र संवादको माध्यमबाट समस्याको समाधान खोज्न आग्रह गरेका छन्।

उनले लाइन काटिँदा राष्ट्रले नै ठूलो आर्थिक क्षति व्यहोर्नु परेको, औद्योगिक उत्पादन, निर्यात र मुलुकको समग्र आर्थिक गतिविधिमा नकारात्मक असर पारेको बताए। उनले विवाद समाधानका लागि संवाद र सहकार्यको वातावरण सिर्जना गर्न सरकारसँग आग्रह समेत गरे। यस्तै अध्यक्ष ढकालले अर्थतन्त्र पुनरुत्थानका लागि उद्योगी व्यवसायीहरुको मनोबल उच्च राख्नु आजको आवश्यक्ता भएको उल्लेख गरे। उनले जेनजी आन्दोलनका क्रममा भएको घुसपैठबाट निजी उद्योग प्रतिष्ठानमाथी भएको आक्रमणले औद्योगिक सुरक्षाको अभाव देखिएको, लगानीकर्तामा भय पैदा गरेको र लगानीकर्ताले आत्मविश्वास कमजोर भएको जनाए। अध्यक्ष ढकालले उद्योगी व्यवसायीहरुको मनोबल उच्च राख्न सकिएन भने देशमा लगानी आउने नभइ भएको पुँजी समेत पलायन हुने अवस्था आउन सक्ने चिन्ता व्यक्त गरे। सरकारले औद्योगिक सुरक्षा तथा क्षतिग्रस्त उद्योगहरूको पुनर्निर्माणलगायतका विषय गरेका निर्णयहरु सराहनीय रहे पनि नीति कार्यान्वयन ढिलो हुने प्रवृत्तिमा सुधार गर्नु पर्नेमा अध्यष ढकालले जोड दिए। साथै उनले सरकारले अनुकूल व्यवसायिक वातावरण तयार गर्न जिल्ला सुरक्षा समितिका पदाधिकारी समेतको उपस्थितिमा जिल्लास्थित उद्योग वाणिज्य संघ लगायत व्यवसायीहरूको सहभागितामा बैठक राखी आवश्यक समन्वय गर्न सरकारको निर्णयको महासंघले स्वागत गरेको बताए।

### ट्रंकलाइन विवाद :

# उद्योगहरू बन्द हुँदा सयौं श्रमिक बिचल्लीमा



**मोहम्मद हबिब**
*भैरहवा*

रनबहादुर सारु विगत २५ वर्षदेखि पञ्चकन्या ग्रुपमा कार्यरत छन्। हाल इलेक्ट्रीसिएनको रुपमा कार्यरत उनी अहिले खाली बस्नु परेको छ। उद्योगमा लाइन काटेपछि बन्द भएको उद्योग कहिले चल्छ भन्ने आसमा उनी विगत एक सातादेखि छन्। गएको शुक्रबारदेखि बन्द भएको उद्योगमा कहिले लाइन जोडिन्छ थाहा छैन। काम गरेर परिवार पाल्दै आएको सारुको जीवीका कम्पनीबाट चले पनि कम्पनी नै बन्द भएपछि कसरी जीवीकोपार्जन हुन्छ भन्ने चिन्ता छाएको छ। विदेश जानका उमेरले दिँदैन, परिवार पाल्नका लागि भए पनि यही रोजगार गर्दै आएको छु। अहिले त्यो रोजगार पनि गुम्ने खतरामा रहेको उनी सुनाउँछन्। 'कम्पनीले हामीलाई बसालेर ज्याला दिँदैन, ज्याला दिनका लागि कम्पनी चल्नु पर्छ, सरकारले कसरी हुन्छ हाम्रो रोजगार जोगाउनु पर्छ।'-उनले भने।

अर्का कामदार सुमन चौधरी थारुको पीडा पनि उस्तै छ। ६ जनाको परिवार पाल्दै आएका थारुको सहारा उद्योगमा काम गरेर हातमुख जोड्नु हो। अहिले काम नभएर घर बसेका उनी कहिलेसम्म यस्तै बस्ने ठेगान नभएको बताए। अलि अलि कमाएर राखेको त्यही खाइरहेका छौं। लाइन छिटो जोडिए हामी रोजगारीमा फर्कने उनले बताए। 'लाइन नभएर उद्योगमा काम नै छैन, उद्योगबाटै जीवन गुजारा भएको छ, नचले पछि अब हामीले कसरी पेट पाल्ने।'-उनी सुनाउँछन्।

यस्तै एक कम्पनीमा काम गर्दै आएकी सरस्वती भट्टराईले पनि उद्योगको लाइन विद्युत् प्राधिकरणले काटेपछि रोजगारी नै गुम्ने अवस्थामा पुगेको बताइन। कम्पनीमै काम गरेर छोरालाई जसो तसो विदेश पठाएको छु, आफूले परिवार पाल्नका लागि कम्पनीमा काम गरिरहँदा उद्योगको लाइन काटिएपछि कम्पनी आउने र जाने काम मात्रै भएको बताइन। उनले एक सातादेखि कम्पनी आउने सरसफाइ गर्ने र जाने बाहेकको केही काम नभएकोले अब यसरी जीवन धान्न पनि गाह्रो हुने बताइन। 'सरकारले कसरी हुन्छ छिटोभन्दा छिटो विद्युत् जडान गरी हामीलाई काम गर्ने वातावरण बनाउनु पर्छ।'-उनले भनिन्।

यि कर्मचारीहरु त मात्र उदाहरण हुन्। रुपन्देहीका १३ वटा उद्योगका सयौं कर्मचारीको अवस्था अहिले यस्तै छ। तिहार लगत्तै डेडिकेटेड फिडर र ट्रंकलाइनबाट बिजुली उपभोग गरी थप प्रिमियम शुल्क भुक्तान नगरेको भन्दै नेपाल विद्युत् प्राधिकरणले उद्योगका विद्युत् काटेपछि उद्योगहरु बन्द भएका छन्। रुपन्देहीमा २३ उद्योग रहे पनि केहीले किस्ता र शुल्क तिरेपछि सञ्चालनमा छन् भने १३ वटा उद्योगको लाइन काटिएपछि बन्द छ। उद्योग बन्द भएपछि त्यहाँ काम गर्ने १० हजार कर्मचारी र मजदुर पीडामा छन्। श्रमिकहरु कामविहीन भएपछि उनीहरुको परिवार कसरी चल्ने भन्ने पीडा उनीहरुमा छ। २०७२ माघदेखि २०७५ बैशाखसम्मको बक्यौता रकम २ अर्ब बढी रुपैयाँ रुपन्देहीका उद्योगले बक्यौता नतिरेको भन्दै प्राधिकरणले बिजुली काटेको थियो। बक्यौता नतिरेसम्म लाइन जडान नगर्ने अडानमा प्राधिकरण छ भने विद्युत् उपयोग गरेको प्रमाण प्राधिकरणले नदिएसम्म बक्यौता नतिने उद्योगीहरूको अडान छ। दुई पक्षको अडानको मारमा श्रमिक परेका छन्। बिजुली काटिएकामध्ये घराना फुड्स र गोयन्का फुड्सले किस्ता सुविधा लिएसँगै ती उद्योगमा विद्युत् जडान भएको छ। बाँकी उद्योगको बिजुली काटिएपछि वैकल्पिक व्यवस्था जेनेरेटरबाट आन्तरिक काम चलाएका छन्।

पञ्चकन्या स्टिल र पञ्चकन्या प्लास्टिकले उद्योगभित्रै क्वार्टरमा बस्ने २ सय बढी परिवारलाई जेनेरेटर चलाएर खानेपानी र बिजुली प्रदान गरिरहेको पञ्चकन्या समूहका महाप्रबन्धक देवेन्द्र साहुले जानकारी दिए। 'हामीले मेसिन नचलाए पनि कर्मचारीलाई बिदा गरेका छैनौ, वर्ष दिनदेखि काम गरिरहेको कर्मचारीलाई एक्कासी निकाल्न मिल्दैन। विद्युत् नियमन आयोगमा उजुरी दिएका छौं। निर्णयको पर्खाइमा रहेकोले मान्न योग्य निर्णय भए स्वीकार गर्ने नभए अदालत जाने मनिस्थिति उद्योगले बनाएको छ। तत्कालका लागि विरोध स्वरुप पैसा बुझाएर भए पनि उद्योग सञ्चालन गरी कर्मचारीलाई रोजागारमा जोड्ने छौं।'-महाप्रबन्धक साहुले भने।

रूपन्देहीकै एसआर स्टिल र एसआर फुड्सको पनि विद्युत् काटिएको छ। कम्पनीका प्रबन्ध निर्देशक सुमन भुसालले सोमबारसम्म सबै कर्मचारीलाई तलबी बिदा दिएको बताए। विद्युत् जडान नभए सोमबारदेखि कर्मचारीलाई बेतलबी बिदा दिइने योजनामा छौं। हामीले माग्दै नमागेको ट्रंकलाइनसँग जोडेर गलत सन्देश सबैमा दिँदैछ। विद्युत् अतिरिक्त उपभोग गरेको प्रमाण प्राधिकरणले दिए भनेको बक्यौता तिर्न पनि तयार रहेको प्रबन्ध निर्देशक भुसालले बताए।

विद्युत् काटिंदा उद्योगका कार्यालय र कामदारको भवन पनि अन्धकार छन्। लाइन काटेपछि उद्योगका कर्मचारी र मजदुर उपस्थित हुने जाने काम भएको छ। प्रत्यक्ष र अप्रत्यक्ष रुपमा रोजगारी दिएका कम्पनी बन्द हुँदा कामदार बिचल्लीमा परेका छन्।

तत्कालीन ऊर्जामन्त्री दीपक खड्काको अध्यक्षतामा २१ बैशाख २०८२ मा बसेको प्राधिकरण सञ्चालक समितिको बैठकले ५ प्रतिशत धरौटी राखेर एक महिनाभित्र पुनरावेदनमा आउन उद्योगीलाई सूचना जारी गर्ने निर्णय गरेको थियो। प्राधिकरणले गत १२ असोजमा प्रशासकीय पुनरावलोकनसँग सम्बन्धित सम्पूर्ण कामकारबाही बदर गरेको सूचना सार्वजनिक गऱ्यो।

सरकारलाई ५ प्रतिशत धरौटी राखेर बक्यौता रकम बिस्तारै तिर्ने सहमति भए पनि एकाएक ऊर्जामन्त्री कुलमान घिसिङले सरकारको निर्णय उल्टाएको उद्योगीको गुनासो छ।

शुक्रबार पञ्चकन्या स्टील, पञ्चकन्या प्लास्टिक, गोयन्का फुड्स, घराना फुड्स, श्याम प्लास्टिक, भलबारी स्वचालित चामल कारखाना, एस आर फुड्स, सिद्धार्थ पेट प्लास्ट,एस आर स्टील, एभरेष्ट रोलिङ्ग, जगदम्बा सेन्थेटिक, अर्घाखाँची सिमेन्ट र विशाल सिमेन्टको विद्युत् काटेको थियो।

# ८० प्रतिशत ई-रिक्सा चालकको छैन लाइसेन्स



**लुम्बिनी संवाददाता**
*भैरहवा*

८० प्रतिशत ई-रिक्सा चालकले लाइसेन्स विनै ई रिक्सा चलाउने गरेको एक सर्वेक्षणको दाबी छ। विद्युतीय ई-रिक्सा चल्ने तराईका जिल्लाहरुमा दुई संस्थाले गरेको सर्वेक्षणमा ८० प्रतिशत चालकहरुसँग चालक अनुमती पत्र (लाइसेन्स) नभएको पाइएको हो। विद्युतीय सिटी रिक्सा सञ्चालन हुने शहरहरुमा विकल्प एन्ड अल्टरनेटिभ र उन्नत नीति इन्ष्टिच्युटले गरेको सर्वेक्षणका क्रममा अधिकांश सिटी रिक्सा चालकले लाइसेन्स विनै चालकको काम गर्दै आएका हुन्। जसले गर्दा दुर्घटनालगायतका घटनामा चालकहरु समस्यामा पर्ने गरेको अध्ययन टोलीको निष्कर्ष छ।

विकल्प एन्ड अल्टरनेटिभका निर्देशक बसन्त अधिकारीले विभिन्न जिल्लाका ९६३ जना ई-रिक्सा चालकहरुमा गरिएको सर्वेक्षणले लाइसेन्सविनै सहरमा इ-रिक्सा सञ्चालन गरिँदै आएको बताए। 'लाइसेन्स नहुँदा सिटी रिक्सा चालकहरु दुर्घटनामा पर्दा जेल जानुपर्ने अवस्था बढी देखिएको छ, अर्कातर्फ क्षतिपूर्तिसमेत तिर्न नसक्दा पेसाबाट विस्थापित हुने अवस्था हामीले अध्ययनका क्रममा पायौं', उनले भने-'हाम्रो अध्ययनले अब लाइसेन्स दिने प्रक्रिया सहज गर्नुपर्छ भन्ने नै हो।'

सिटी रिक्सा ठूलो र जटिल सवारीसाधन नभएकाले लिखित परीक्षाको व्यवस्था हटाई प्रशिक्षण र ट्रायल परीक्षामार्फत् अनिवार्य लाइसेन्स दिने व्यवस्था गर्न सके यो समस्या समाधान हुने सर्वेक्षणको निचोड छ। सिटी रिक्साको बढ्दो संख्यासँगै दर्ता, लाइसेन्स, इन्स्योरेन्स र ट्राफिक व्यवस्थापनलगायतका विषयमा समस्याहरु देखिँदै आएको अधिकारीले जनाए।

अधिकांश सिटी रिक्सा चालकहरु निरक्षर हुँदा ट्रायल पास गरे पनि लिखित परीक्षा पास गर्न नसक्ने गरेको पाइएको छ। 'यही कारण उनीहरु लाइसेन्स लिनबाट वञ्चित भइरहेको हामीले सर्वेक्षणका क्रममा पायौं।'-उनले भने। उनले अब सबैं सिटी रिक्सा चालकलाई लाइसेन्स दिन लिखित परीक्षाको ठाउँमा प्रशिक्षण जरुरी गर्नुपर्ने बताए। मुलुकका सात प्रदेशमध्ये कोशी प्रदेशले यस्तो व्यवस्था सुरु गरिसकेको अधिकारीको भनाइ छ। अब, अन्य प्रदेशले समेत यो व्यवस्था लागू गर्नुपर्ने उनले जनाए।

उनले आफूहरुले सर्वेक्षणपछि सरकारलाई सुझाव दिने, चालकहरुसँग अन्तरक्रिया र प्रशिक्षण सञ्चालन गर्ने, लाइसेन्स लिनका लागि प्रोत्साहन गर्ने, सरोकारवाला, स्थानीय तह, प्रदेश सरकार, सामाजिक अगुवा र बुद्धिजीवीसँग छलफल गर्ने काम गरेको जनाए।

उन्नत नीति इन्ष्टिच्युटका निर्देशक सुरेश सापकोटाले रुपन्देहीको भैरहवामा मात्रै ६२ प्रतिशत रिक्सा चालकहरुसँग सवारी चालक अनुमति पत्र नरहेको जनाए। उनका अनुसार भैरहवाका १५० बढी रिक्सा चालकहरुसँग गरेको सर्वेक्षणमा ६२ प्रतिशत बढीसँग चालक अनुमति पत्र नरहेको पाइएको हो। यस्तै, कोशी प्रदेशमा झन्डै ७८ प्रतिशत चालकहरुसित लाइसेन्स छैन। मधेश प्रदेशमा ८१ प्रतिशत र लुम्बिनीको नेपालगञ्जमा मात्रै ९६ प्रतिशतभन्दा बढी चालकहरुसित लाइसेन्स नरहेको सर्वेक्षणले देखाएको छ।

दुई संस्थाकाले गरेको अध्ययनका क्रममा लाइसेन्स नभएकै कारण कयौं चालक जेल जानुपर्ने, इन्स्योरेन्स नपाउने, ट्राफिक जरिवानामा पर्ने, क्षतिपूर्ति नपाउने र पेसाबाटै विस्थापित हुनुपने अवस्था आएको छ भने पारिवारिक जीविकोपार्जन समेत जोखिममा पर्ने गरेको छ। अध्ययनका क्रममा पछिल्लो समय वैदेशिक रोजगारीबाट फर्किएका धेरैले सिटी रिक्सा सञ्चालन गदै आएका छन्। मुलुकभर सिटी रिक्सा दुई लाख बढी सञ्चालित छन् भने यसमा १० लाख परिवार आश्रित रहेको जनाइएको छ।




## सम्पादकीय

# रेबिजविरुद्धको अभियान

नेपालमा वर्षेनी एक लाखभन्दा बढी मानिस जनावरको टोकाइको शिकार बन्छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयकाअनुसार गत आर्थिक वर्ष १ लाख ८६ हजारलाई जनावरले टोक्यो । त्यसैगरी अघिल्लो वर्ष १ लाख १९ हजारलाई जनावरले टोकेको तथ्याङ्क छ । यीमध्ये ९६ प्रतिशतलाई कुकुरले टोकेको हो । स्वास्थ्य मन्त्रालयको यो तथ्याङ्कले नेपालमा कुकुरको टोकाइ धेरै छ ।

कुकुरको टोकाइको संख्या बढेसँगै अस्पतालहरुमा रेबिजविरुद्धको भ्याक्सिनको कमी पनि हुँदै आएको छ। बुटवलको लुम्बिनी प्रादेशिक अस्पतालमा पटक-पटक भ्याक्सिनको अभाव हुँदा कतिपय बिरामी भ्याक्सिन लगाउन काठमाडौं जान बाध्य छन् । कुकुरको टोकाई देशभरी भइरहेको छ । शहरी क्षेत्रमा छाडा कुकुरको संख्या बढिरहेको र जनसंख्याको चापले पनि शहरमा कुकुरको टोकाइ बढ्दो रहेको देखिन्छ । शहरी क्षेत्रका मान्छे कुकुरले टोक्नेबित्तिकै अस्पतालमा भ्याक्सिन लगाउन जान्छन् । र जोखिम न्यूनीकरण भएको देखिन्छ । तर ग्रामीण क्षेत्रमा कुकुरले टोकेमा बेवास्ता गर्ने प्रवृत्ति धेरै छ, त्यसैले जोखिम बढी छ । ग्रामीण क्षेत्रमा कुकुरले टोकेको तथ्याङ्क छुट्टै नभए पनि अस्पतालको पहुँच नहुँदा बेवास्ता गर्ने प्रवृत्ति छ । दुई वर्षअघि गुल्मीको गुल्मी दरबारपालिकाकि एक महिला कुकुरले टोकेपछि बेवास्ता गर्दा रेबिजले ज्यान गुमाइन् । बेलैमा रेबिजविरुद्धको भ्याक्सिन लगाएको भए उनको ज्यान बच्न सक्थ्यो । काठमाडौंको शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालमा दैनिक २ सयको हाराहारीमा रेबिजविरुद्धको खोप लगाउन आउने गरेको सरकारी तथ्याङ्क छ । त्यसैगरी लुम्बिनी प्रादेशिक अस्पतालमा अहिले दैनिक १ सयको हाराहारीमा कुकुरले टोकेका बिरामी अस्पताल आइरहेका छन् । गत वर्ष रेबिजका कारण ११ जनाको ज्यान गयो । यो चालु वर्षमा चार जनाले ज्यान गुमाएको तथ्याङ्क छ ।

नेपालले विश्व स्थास्थ्य संगठनसँग मिलेर सन् २०३० सम्म कुकुरबाट सर्ने रेबिजबाट हुने मृत्युलाई शून्यमा झार्ने लक्ष्य लिएर काम गरिरहनु सकारात्मक छ । अहिले रेबिजविरुद्धको रणनीति प्रभावकारी बनाउन शहरलाई मात्रै केन्द्रित गरेर हुँदैन् । ग्रामीण क्षेत्रमा कुकुरलाई रेबिजविरुद्धको खोप नलगाउने र कुकुरले टोकेमा स्थानीय घरेलु उपचार गर्ने प्रवृत्ति कायम रहेकोले ग्रामीण क्षेत्रमा चाल्नुपर्ने रणनीति फरक हुनुपर्ने देखिन्छ । स्थानीय तहसँग मिलेर रेबिजविरुद्धको अभियान सञ्चालन गर्न आवश्यक छ । पालिका केन्द्रित अभियान नै अहिले प्रभावकारी हुनसक्छ ।

# असंवैधानिक प्रधानमन्त्री सुशीला कार्की



विन बहादुर कुँवर

नेपालमा अहिले जेनजी विद्रोहको जगमा बनेको भनिएको प्रम सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार चालु छ । यसको पहिलो जिम्मेवारी भने आगामी फागुन २१ गते विघटित संसदीय सदनको पुनर्निर्वाचन गर्ने भनिएको छ । तर यो निर्वाचनको साथै संसदीय सदन विघटन असंवैधानिक भएको भन्दै अदालतमा रिट निवेदन दर्ता भइसकेको छ । यसको बारेमा सर्वोच्चको संवैधानिक इजलासमा छलफल बहस जारी भइसकेको छ । यो अदालती निर्णयको पर्खाइमा प्रायः धेरै जसो राजनीतिक दल एवं अन्य संघसंस्था र आम स्वतन्त्र नागरिकहरु पर्ख र हेर अनि आ-आफ्नो निर्णय र मत जाहेर गर्न उत्सुक भई बसेका छन् ।

यो जेनजी नामधारी सरकार र यसले गर्ने भनेको फागुन २१ गतेको आम संसदीय निर्वाचन र यो जेनजी आन्दोलनको असन्तुष्टि वा विद्रोहको केही चर्चा गरौं । सुरुमा अर्थात् भाद्र २३ गतेको यो जनविद्रोहलाई सामान्य जनयुवा असन्तुष्टि वा आक्रोश योभन्दा अलि बढी आन्दोलनको रुपमा देखिएको थियो । यसमा सरकारले गरेको दमन, अन्याय, अत्याचार र हत्या, हिंसा पछि यो जनआन्दोलन हुँदै जनविद्रोहकै रुपमा समर्थन गरियो । त्यस अनुरुप यसको जगमा बनेको वर्तमान सरकार र यसले गर्नु पर्ने केही तत्कालीन कामको रुप रेखा पनि अघि सारियो । (हेर्नुहोस् दैनिक लुम्बिनीमा असोज ३ गते प्रकाशित लेख) अझ सुरुमा त जुन बेला सैनिक मुख्यालयमा संसदीय दल नेता अझ राष्ट्रपतिलाई नै घेराबन्दीमा राखेर खाली केवल केही जेनजी युवा अनि केही विदेशी दलाल साथमा दरबारियाहरुबिच मात्र भएको संवादलाई त मैले राजनीतिक फौजी 'कु' नै भनी मेरो फेसबुक स्टाटसमा उल्लेख गरेको थिएँ । तर खुसीको कुरा तत्काल के कारणले हो यो भएन । प्रम सुशीला कार्की नेतृत्व सरकार यो विगत चालु संविधानअन्तर्गत त्यसैको सपथ खाई निर्माण भयो । तब तत्काल हामीले भन्यौ यो जेनजी विद्रोहीहरुको लागि धोका र गद्दारी भयो ।

जेनजी विद्रोहको जगमा सरकार बनेको भन्ने तर यही संविधान र यसअन्तर्गत बनेका राष्ट्रपति रामचन्द्र पौडेलको सामु प्रधानमन्त्री बनेको भनी शपथ लिने यो सिधैं संविधान विपरीत छ र यस्तो असंवैधानिक प्रमको सिफारिसमा फेरि त्यो पुरानो संसदीय सदनको विघटन गर्ने कुन संवैधानिक अधिकार प्रधानमन्त्रीलाई छ ? अनि उनको त्यस्तो सिफारिसमा फेरि राष्ट्रपतिले त्यो सदनको भंग गरिदिने कुनै संवैधानिक अधिकार छ ? त्यसैले यो चालु संविधानको सामान्य जानकार कुनैले पनि यसको समर्थन गर्दैन र गर्न मिल्दैन पनि । स्वयं जननिर्वाचित प्रधानमन्त्रीले पनि व्यक्तिगत आफू खुसी कुनै पनि बेलामा यो सदन भंग गर्न मिल्दैन । विगतका थुप्रै सर्वोच्च अदालतको निर्णय नजिर छन् । स्वयं पूर्व प्रम केपी ओलीद्वारा गरिएका संसद विघटनलाई सर्वोच्चले उल्टाउँदै आएको नजिर छ ।

यो चालु संविधानको विषय र यसको मर्मबारे स्वयं पूर्व प्रधानन्यायाधीश सुशीला कार्की वा वर्तमान राज्य व्यवस्थापकीय प्रधानमन्त्रीलाई कसैले सिकाउन र बुझाउन पर्दैन स्वयं आफै जानकार छन् । तर उनी फेरि किन र के का लागि यो जेनजी विद्रोहको नाममा प्रधानमन्त्री बनिन् ? अनि फेरि किन यही पुरानो संविधानअन्तर्गत शपथ खाई खाली केवल आगामी फागुन २१ मा हुने संसदीय निर्वाचन सम्पन्न गर्ने जिम्मेवारी मात्र भएको भनिरहेकी छन् ? त्यसैले अन्ततः प्रम सुशीला कार्कीले जेनजी विद्रोहीहरुलाई माछो माछो भन्दै भ्यागुतोमा थन्काइसकेकी छन् । हुनतः जेनजी यो आन्दोलनको यो उद्देश्य नै थिएन अर्थात् यसरी सत्ता कब्जा गर्ने र शासन सत्ता सञ्चालन गर्ने ? तर भयो लहरो तान्दा पहरो गर्ज्यो । पूर्व सरकार, दल नेता सबैको भागाभाग । आखिर चिठ्ठा पर्‍यो प्रम सुशीला कार्की र उनका एनजीओ डलरवादीहरुलाई । जेनजी सबैको तितरवितर । जेनजीको नाममा सत्ता एनजीओ साम्राज्यवादी दलालको कब्जामा परेको छ ।

भनिन्छ-'अर्कैले बोकी ल्याएको कुकुरले मृग मार्दैन' ठीक यो विदेशी साम्राज्यवादीहरुले बोकी बनाएको यो सरकारले पनि न जेनजीहरुले उठाउँदै आएको मागलाई पूरा गर्ने छाटकाट छ न देश र जनताको हित नै गर्ने सुरसार छ । खाली देशमा अराजकता भाँडभैलो अविश्वास, अनिश्चितता र निराशा नै बढाउने निश्चित नै छ । निर्वाचन गर्ने भनिएता पनि त्यसप्रति खासै ध्यान सरकारको छैन । निर्वाचनको नाममा पानी धमिल्याएर माछा मार्ने दाउमा सरकार छ । साम्राराज्यवादीहरुको इशारा र आदेश नै यस्तै छ । तर नेपालका केही दलाल पार्टी र यसका नेताहरु भने अहिलेदेखि नै यो एनजीओवादी चुनावी अभियानमा चुरुफुरी देखाउन थालिसकेका छन् । नत्र भने यी भगौडा कांग्रेस-एमाले, माओवादी, रास्वपा आदिहरुको माग त यो संसदको विघटन र पुनर्निर्वाचनको माग नै होइन । न यो जेनजी विद्रोहीहरुकै पनि माग हो । त्यसैले यी सबै फेरि यो विघटित संसदको पुनर्स्थापनाकै लागि एकजुट भई अघि बढ्नु पर्ने हो ।

संसद विघटनलाई असंवैधानिक कदम भन्ने सुशीला कार्की समेतलाई संवैधानिक हैसियत नभएकी प्रधानमन्त्री भन्ने तर तिनकै नेतृत्व र यही संविधान विपरीत हुन लागेको यो निर्वाचनमा भाग लिन फेरि मरिहत्ते गर्ने यो दलीय दोक्लोपनले साम्रराज्यवादी हितकै पक्षपोषण गरिरहने छ । हुनतः यो संसदीय राज्य व्यवस्था अन्तर्गत हुने जो कुनै निर्वाचनप्रति जनआस्था र विश्वास हराइसकेको छ । नो भोट र बहिष्कार गर्ने मानसिकतामा धेरै जनता देखा पर्दैछन् । तर दुःखको कुरा कुनै बेला यो संसद र राज्यव्यवस्थाकै खिलाबमा १० वर्षे माओवादी जनयुद्ध मात्रै होइन पछि फेरि एकीकृत जनक्रान्तिको नाममा सशस्त्र जनविद्रोह नै गरेको नेकपा विप्लव समूहले पनि यो एनजीओ सरकारी निर्वाचनमा सरिक हुने भनी निर्वाचन आयोगमा कम्युनिष्ट पार्टी नेपालको नाममा दल दर्ता गरिसकेको छ । अचम्म छ कही नभाको जात्रा हाडि गाउँमा । लाखौं जनसंगठन भएको एमाले तत्काल यो निर्वाचन होइन संसद पुनर्स्थापनाको माग अघि सारेको छ । त्यस्तै कांग्रेस पनि अहिलेसम्म यो निर्वाचनमा खुलिसकेको छैन । प्रचण्ड त कांग्रेस-एमालेहरुको विरुद्ध पूर्वाग्रहका लागि पनि जेनजीको नाममा चुनावका कुरा गर्दैछन् । जेनीहरुको त न त्यस्तो पार्टी नै बनेको छ न त्यस्तो चुनावी अभियान नै छ । बरु उनीहरुले त यो वर्तमान संविधानको खारेजी र प्रत्यक्ष राष्ट्रपतिकै निर्वाचनको पक्षमा देखिन थालेका छन् ।

जेनजी आन्दोलनको पहिलो र मुख्य माग भनेको देशमा शान्ति सुशासन र भ्रष्टचारको थियो । त्यसपछि उनीहरुको अर्को माग संघीयताको खारेजी र प्रत्यक्ष राष्ट्रपतिको निर्वाचन संसदीय सदनको विघटन र अन्तरिम सरकार निर्माण । तर आज यी कुनै पनि माग पूरा नभई खास जेनजीहरुले यो कथित निर्वाचनमा भाग लिने कुरै आउँदैन । उनीहरुको मूल उद्देश्य त यी उल्लेखित माग पूरा नहोउन जेलसम्म संघर्ष गर्ने नै हो । तर केही विदेशी दलाल कथित जेनजी र कतिपय पार्टी निकट जेनजीहरु भने यही निर्वाचनमा जाने भनिरहेका छन् । यी संघर्षकै नाममा केही जेनजीहरुले प्रम सुशीला कार्कीलाई पदबाट राजीनामा दिनुपर्ने माग उठाइसकेका छन् । त्यसैले सच्चा जेनजी अनि सच्चा देशभक्त, वामपन्थी र क्रान्तिकारी कम्युनिष्टहरुले यो आगामी हुने भनिएको संसदीय निर्वाचनमा भाग लिने तिर होइन अहिलेदेखि नै त्यसको बहिष्कार, भण्डाफोर र नो भोटको अभियान जरुरी छ । यो यस अर्थमा पनि जायज छ कि वर्तमान यो सरकारले सुरु सुरुमा जेनजीहरुका सबै माग पूरा गर्ने बचन बद्धता गर्ने तर पछि अहिले खाली केवल चुनावमा मात्र केन्द्रित हुने कुराले जेनजीप्रति ठूलो धोका र गद्दारी भएको छ । यसको बदलाका लागि पनि यो कथित सरकारसहित यो चालु संविधानको समेत खारेजी अनि सर्वपक्षीय अन्तरिम सरकार र अन्तरिम संविधान बनाई नयाँ निर्वाचनमार्फत् नयाँ सरकार र नयाँ संविधान निर्माणको दिशामा अग्रसर हुनुपर्ने हुन्छ ।

बरु यो कथित निर्वाचनतिर भन्दा त तत्काल संसदको पुनर्स्थापना अनि त्यसकै जगमा अन्तरिम सरकार त्यसपछि अहिले जेनजीहरुले उठाएका मागहरुलाई सम्बोधन गर्ने गरी संविधान संशोधन आदि गर्नु उपयुक्त हुनेछ । अन्त्यमा हालकी प्रधानमन्त्री सुशीला कार्की अब कुन नैतिकता कुन संविधान र कुन उद्देश्यका लागि प्रधानमन्त्री बनेकी हुन् ? प्रश्न छ- (१) जेनजी विद्रोहको जगमा प्रधानमन्त्री बनेको भन्ने तर जेनजीले उठाएका माग पूरा गरेको खै ? (२) यही संविधानअन्तर्गत राष्ट्रपतिसामु शपथ खाई प्रधानमन्त्री बनेपछि कुन संविधानको धारा, उपधाराले तिमी प्रधानमन्त्री बन्न मिल्छ ? (३) वर्तमान संविधानको भाग ११ धारा १३२ र उपधारा २ मा 'प्रधानन्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीश भइसकेको व्यक्ति संविधानमा अन्यथा उल्लेख भएकोमा बाहेक कुनै पनि सरकारी पदमा नियुक्तिका लागि ग्राहय हुने छैन ।'- भनिएको छ । कुनै बेला सर्वोच्च अदालतकी न्यायाधीश मात्रै होइन प्रधानन्यायधिश नै भइसकेकी पूर्व प्रधानन्यायधिश सुशीला कार्की यो संविधानअन्तर्गत यस्तो पदमा अर्थात् प्रधानमन्त्री बन्न मिल्छ कि मिल्दैन ? हुन त यो राज्य व्यवस्थाअन्तर्गत के को नैतिकता अनि केको संविधान नीति नियम जे गर्दा पनि हुन्छ । यो सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राज्य सत्ताले जो कुनैलाई पनि अन्धो लाजश्रम केही नभएको नकटो बनाई छाड्छ । हिजो यस्तै धेरै बने अब बन्ने पालो सुशीला कार्कीको छ ।

## जेनजी विद्रोहको अन्तर्निहित स्वार्थ :

# नेपाललाई कृडास्थल बनाउन अमेरिकी दाउपेच

टेकराज पौडेल

» *गताङ्कको बाँकी*

**सरकारको चाहना गोली हान्ने नै थियो त !**

विद्यार्थीहरूलाई लाग्ने गोली नेपाल प्रहरीको होइन भन्ने तर्क र २२ गते आन्दोलनकारी विद्यार्थीको दुर्गा प्रसाईसँगको भेटपछि २३/ २४ गतेको आन्दोलनमा मिराज ढुङ्गाना विद्रोहमा न आउनुको कारण पनि भयंकर साजिसका साथ यो विद्रोहको डिजाइन गरिएको हो भन्न सकिन्छ । शान्तिपूर्ण रुपमा एक दुई घन्टाको लागि आयोजना हुन लागेको सानो उपस्थितिमा 'आइएनजिओ' हाम्रो नेपाली संस्थाले पानी, छाता र एकाबिहानै १००० पोइन्टभन्दा बढीको रक्तदान कार्यक्रम आयोजना हुनुले पनि विद्यार्थीमाथि भयंकर षड्यन्त्रका तानाबुनाहरू बाटेको देखिन्छ ।

आन्दोलनमा बाह्य शक्तिले घुसपैठ हुने जब सम्भावना जेनजीहरूले देखे । उनीहरूले २३ गते १ बजे माइतिघर मण्डलाबाट एभरेस्ट होटेल नजिक पुगेर आम्दोलन समाप्त भएको घोषणा गरे । एउटा लजिकल इन्डिङसम्म विद्यार्थी प्रयोग गर्ने सोचाइ र योजना बनाएका शक्तिहरूले जब स्कुल ड्रेसमा आएका विद्यार्थीहरू घर फर्किदा बित्तिकै सम्पूर्ण योजना फेल खाने देखेपछि मोटर साइकलमा सवार व्यक्तिहरूले घर फर्किदै गरेकाहरूलाई बोलाउँदै नारा लगाउँदै अघि बढे पछि रमाइलो हेर्न बानेश्वर पुगेका थिए ।

अघिअघि स्वार्थ ग्रुप नजिकै आन्दोलन हेर्न आएका विद्यार्थीहरूबाट जब प्रदर्शन र नाराले उग्र रुप लिदै गयो । हाइज्याकरहरूले संसद भवन अगाडिको बार भत्काउन थाले । विद्यार्थीहरूले परिस्थितिको मूल्यांकन गर्दै सडकबाट फर्किन चाहे । सुरक्षाकर्मी र आन्दोलनकारीबिच संसद भवनको गेट तानातानको दृश्यले सरकारलाई बल प्रयोगको अवस्था एकातिर हुँदाहुँदै भिड नियन्त्रणको सवाल हुन्छ कि १०० मिटर पर बाटोबाट फर्कदै गरेका विद्यार्थीलाई गोली हान्ने ? भागिरहेका विद्यार्थीहरूमाथि एकाएक टाउको र छाति छेड्ने गरी गोली कले हानियौं ? विद्यार्थीलाई लागेका गोली नेपाल प्रहरीहरूसँग नभएको रहस्य त छदै छ ।

कालो ड्रेसमै अनि पाखुरा र छातीमा 'टीओबी' लेखेका केहि दर्जन मान्छेहरूको शंकास्पद गतिविधिहरूको भिडियो सार्वजनिक हुँदैगर्दा पछिल्ला दिनहरूमा समाचार र भिडियोमा आएका दृश्य हेरेपछि टीओबी को थिए ? यो टीओबी ग्रुप भनेर ब्यापक खोजी र बहश भैरहेको छ । विद्रोहमा सामेल एक जना टीओबी नेताले नक्कलि विवरणको आधारमा नागरिकता बनाउन लागेको बेला पक्राउ परेपछि उनी तिब्बतियन भएको प्रहरीले पत्ता लगायो भने एक जना नेतृत्व गरेको व्यक्तिले आफू आधा तिब्बतियन र आधा नेपाली भएको बयान दिएको छ । लामो समयदेखि नेपालमा बस्दै आएका शरणार्थीहरू मध्य आन्दोलनमा तिब्बतियनको अत्यधिक सहभागिता रहेको पर्दाफास भैसकेको छ ।

अमेरिका र शोभियतसंघबिचको सितयुद्ध १९९० को दशकमा समाप्त भयो । अफगानिस्तानबाट रसिया लखेटिंदा लखटिदैको समयमा शोभियतको कम्युनिस्ट सत्ता पनि ढल्यो ।

पूर्वी युरोप र रसियाबाट कम्युनिस्ट सत्ता ढलेपछि संसारलाई काबुमा राख्न चाहेको अमेरिका चाइनालाई विश्व बिजेता ( शक्तिशाली ) हुन नदिन विभिन्न तिकडममा लागेको छ । चीनको व्यापारलाई विश्वव्यापी हुन दिएमा आफ्नो एकलौटी व्यापारको ठाउँ चाइनाले लिने डर छ । यहि काम गर्न चाइनालाई घेर्न तिब्बत, ताइबान, हङकङ र उहिघुरबाट दबाब बढाएको अमेरिका नेपालबाट पनि लोकतन्त्र र मानवअधिकारको नाममा चीनलाई घेराउ गर्ने रणनीतिमा विभिन्न गतिविधि गर्दै आएको छ ।

**आफूलाई नपरी नचेत्ने मानिसको जात हुन्छ !**

गत वर्ष बङ्गलादेशका विद्रोहीहरूले बल्ल बुझ्दै छन् कि अमेरिकि फन्डमा मानवअधिकार क्षेत्रमा काम गरेकाहरू नै मन्त्रिपरिषद्मा नियुक्ति पाएबाट बङ्गलादेशको विद्रोह अलिअलि बुझेका बङ्गलादेशीहरू जब अमेरिकालाई आफ्नो देशको एउटा भूभाग नदिए बापत शेख हसिनाको सरकार देश छोडेर भाग्नु पर्दा खुशि साटेका थिए । उनीहरूले बल्ल यो वर्ष उक्त टापुमा १० हजार अमेरिकि शैनिक झरे । उनीहरू हामी फसियो भन्दै छन् । विश्वको १७औं ठूलो अर्थ व्यवस्था बनि सकेको बङ्गलादेश अब संसारको गरिब देश भित्र पर्ने बाटोमा छ । एउटा टापु अमेरिकालाई किन दिइनन् हसिनाले ? नदिँदा उनको के हालत भयो ? अमेरिकाको चाहना चाइनालाई पूर्वी र दक्षिणी क्षेत्रमा जल स्थल दुबै मार्गबाट रोक्नु हो !

**अमेरिका नेपाल आउँदा के फरक पर्ला ?**

अमेरिका वर्तमान अस्थिर सरकारलाई लामो समयसम्म चलाउन चाहना राख्ने छ । निर्वाचनको वातावरण नबनि पार्टीहरू चुनावमा नजाने संभावना उत्तिकै रह्यो भने आफू अनुकुलको पार्टीलाई सत्तामा ल्याउन करौडौं डलर खर्च गरेर निर्वाचनमार्फत् स्थापित गर्न सक्दछ । सकेसम्म निर्वाचित सरकारकै अनुमतीमा अमेरिकी सरकारको सैनिक क्याम्प खडा गर्ने कोशिश हुनेछ । नसके अस्थिरता नै कायम राखेर अमेरिकी सेना नेपालमा निकट भविष्यमा नेपाल बस्ने सुनिश्चित छ ।

चीनको व्यापारिक, आर्थिक, सैनिक र वैचारिक विस्तारलाई रोक्न अमेरिकाले जापान, अस्ट्रेलिया, दक्षिण कोरिया, फिलिपिन्स र भियतनाम आदि देशहरूको बिच बनेको आइपिएस इन्डो प्यासिफिक स्ट्राटेजि र पछि आइपिइएफ अर्थात् इन्डोप्यासिफिक इकोनोमि फ्रेमवोर्क बनाएको छ ।

जेनजी र अमेरिका कनेक्सन :-

पछिल्लो पुस्ता प्रजातन्त्र स्वतन्त्रता, पारदर्शिता र डिजिटल उपयोगको पारखी बनेको छ । यहि सामाजिक सञ्जालमार्फत् अन्तर्राष्ट्रिय विचारधारा जस्तो स्वतन्त्रता, निस्पक्षता, प्रति आतन्कवाद र स्थायित्व मन पार्दछन् । अमेरिकाले विगत लामो समयदेखि डिजिटल कूटनीति (डिजिटल डिप्लोमेसि ), युवा प्रभाव कार्यक्रम, युथ इन्फुलेन्स प्रोग्राम साथसाथै लोकतान्त्रिक मूल्य केन्द्रित सोचको विकासको लागि युवाहरूमा लक्षित कार्यक्रममा लगानि गरिरहेको देखिन्छ । नेपालमा अमेरिकि संस्थाका करिब एक करोड नेपालीहरू जोडिएका छन् भन्ने समाचार बाहिरिएको छ । यसैअनुसार आए युथ काउनसिल र बारबरा फाउन्डेसनलाई लिन सकिन्छ । बारबरा फाउन्डेसन सुरुमा एकजना अमेरिकी नागरिक जो दरबारसँग सम्बन्ध जोडिएको थियो, दरबारले देश निकाला गरेपछि २०६६ सालतिर नेपाली नागरिकता प्राप्त गरेकी थिइन । जीवित छउनजेल आफ्नै सम्पत्तिबाट समाजसेवा गर्दै आएकि बारबरा उनको मृत्युपछि अमेरिकाले यहि संस्थामार्फत् गतिविधि गर्दै आएको पनि छ । उक्त संस्थाको जिम्मा लिएका व्यक्तिहरू अहिले सरकारको नेतृत्वमा गैरहँदा जेनजी पुस्ताहरू बोल्न नसक्नुको कारण पनि एक हो ।

**सामाजिक सञ्जाल बन्दको हल्ला :**

गत वर्ष युट्युबबाट मात्र सरकारलाई करिब ३२५ करोड नेपाली आम्दानी भयो । अघिल्लो सरकारदेखिको पालाबाट फेसबुक ट्विटरलगायत २६ वटा सञ्जालबाट नेपाललाई वार्षिक आधा खर्बसम्म आम्दानी हुने र दुई तिहाइको बलियो सरकार भएको बेला नै बहुराष्ट्रिय कम्पनीको रुपमा अमेरिकाका उत्पादनलाई कानुनको दायरामा ल्याउन खोज्नु सामान्य कुरा थिएन । सरकारले हिम्मत त गर्यो, तर पार लगाउन सकेन । सरकारको यो निर्णय प्रतिउत्पादक भयो । फेसबुकलगायतका सामाजिक सञ्जालबाट मनग्यै आम्दानी गरिरहेकाहरूमा पनि निश्चित दिनसम्म खुल्छ भन्ने केही ग्यारेन्टी नहुँदा र युवायुवतीको लागि त यो जीवन पद्धति जस्तो भएको थियो । ट्विटरका मालिकले त नेपाललाई हेपेर चिठी लेखे भन्ने कुरा आयो । अमेरिकाका २६ सामाजिक सञ्जालमध्ये १८ भन्दा बढीको त्यहाँका नागरिकको सम्पत्ति भएकोले आफ्नो बहुराष्ट्रिय उत्पादनलाई रोक्ने कुन महासय हो भनेर पनि उनीहरूले नेपाल सरकारप्रति गिद्दे दृष्टि राखेको देखिन्छ ।

नेपालका प्रधानमन्त्री केपी शर्मा ओली महत्वपूर्ण राष्ट्र अमेरिका र छिमेकी राष्ट्रबिचको सन्तुलन कायम गर्न सिपालु मान्छे भएको परिचय बनाउनु भएको थियो । पश्चिमाको एमसिसि र छिमेकीको बीआरआइ जस्ता ठूला महत्वपूर्ण परियोजनाहरू सँगसँगै अगाडि लान चाहन्थे । एमसिसि नेपालले स्वीकार नगर्दिए हुन्थ्यो भन्ने छिमेकी राष्ट्र चीनको चाहना थियो । प्रधानमन्त्री ओलीले पश्चिमा पुँजीवादी मुलुकको नेतृत्व गर्ने अमेरिकाको सित्तैको लगानीमा राजनीति गर्न हुन्न भन्ने पक्षमा थिए । शक्ति सन्तुलनको पक्षलाई ध्यान दिँदै यो विषयमा ओलीको परिपक्क धारणा थियो । उहाँले भन्नु भएको थियो कि अमेरिकाको एमसिसि र चाइनाको बीआरआइसँगै अघि बढाउँछु । नेपालले सन्तुलित परराष्ट्रका नीति अवलम्बन गर्ने, आर्थिक कूटनैतिक सम्बन्ध वृद्धि गर्ने, क्षेत्रीय सन्तुलन कायम गर्ने, रणनैतिक विषयमा सावधानी कायम गर्ने, जनशक्ति र ज्ञान प्रविधि विकासमा ध्यान दिने, रणनीति सञ्चार र छवि : अन्तर्राष्ट्रिय रुपमा नेपालले Bridge bitween south and east asia भनेर नेपाल अघि बढ्न सक्ने हुनु पर्दछ भन्नेमा प्रधानमन्त्री ओली प्रस्ट नै हुनुहुन्थ्यो । तर मैले ताक्छु मुढो बन्चरो ताक्छ घुडो भने जस्तै भयो ।

अमेरिकाको चाइना रोक्ने नजिकको देश नेपालको अस्थिरतामा खेल्न सहज होस् भन्ने चाहनालाई हामी नेपालीले जानी नजानी सहयोगी बन्ने स्थितिमा पुगेका छौं ।

जे होस् एउटा भनाइ छ -'दुई हात्ती लडे पनि मेरो बारीको सत्यनास, मिले पनि सत्यनास' भने जस्तै भयो मेरो देश ।

# समयमा काम नहुँदा करोडौंका योजना फिर्ता

बलेवा । विकासे योजनामा बजेट पारिदिएको भन्दै सङ्घ र प्रदेश सांसदले सामाजिक सञ्जालमा पोष्ट्याएर जस लिने होडबाजी गर्छन् र जनताको बधाईसमेत खान भ्याउँछन् । तर, ती योजना कार्यान्वयनको अवस्था र विनियोजित बजेट सदुपयोग भए-नभएबारे बेवास्ता गर्दा गत आर्थिक वर्षमा झण्डै रु डेढ अर्ब बजेट फ्रिज भयो ।

जिल्ला तहमा वर्षको एकपटक हुने विकास निर्माणको वार्षिक समीक्षा बैठकमा समेत सांसद उपस्थित हुँदैनन् । सांसदहरूले कुन योजना सञ्चालनमा आयो, कुन सञ्चालन भएन भन्ने हेक्का नराख्दा बर्सेनि करोडौंका योजना अलपत्र पर्ने गरेका छन् । सरोकारवाला सांसदले चासो नलिएपछि जिल्ला समन्वय समितिमार्फत गरिएका अनुगमनले भने बिग्रन लागेका पूर्वाधार निर्माणका काम भने सुधार आएको छ ।

"मसमेत रहेको अनुगमन समितिका सांसदले एकपटक पनि योजनाहरूको अनुगमन नहुँदा कतिपय योजनाको वास्तविकता थाहा नै पाउन सकिएको छैन", जिल्ला समन्वय समिति बागलुङका प्रमुख अमरबहादुर थापाले भने-"के प्रयोजनका लागि अनुगमन समिति बनेको हो भन्नेसमेत जनप्रतिनिधिलाई बुझाउन सकिएन ।" अनुगमन समिति सक्रिय नहुँदा धेरै योजनाको गुणस्तर परीक्षणमा समेत असर परेको थापाको भनाइ छ ।

जिल्ला समन्वयले आयोजना गरेको तीनदिने वार्षिक समीक्षामा जिल्लाको प्रतिनिधित्व गर्ने तीन जना सङ्घीय सांसद र ११ जना प्रदेश सांसदमध्ये गण्डकी प्रदेशका सांसद दीपेन्द्रबहादुर थापामात्रै तीन दिन उपस्थित भएका थिए । सङ्घीय सांसद देवेन्द्र पौडेल, प्रदेश सांसदद्वय डिल्लीराम सुवेदी र कुशुम बुढा मगर उद्घाटन कार्यक्रममा मात्रै सहभागी भएको समन्वय प्रमुख थापाले बताए । कार्यक्रममा अनुपस्थित सांसद र स्थानीय तहका प्रमुखले समीक्षाबारे बुझ्ने प्रयाससमेत नगरेको थापाको गुनासो थियो ।

जिल्लाभित्र छवटा गैरसरकारी संस्थाले पनि विकास निर्माण, सामाजिक विकास तथा अन्य क्षेत्रमा काम गरेको प्रतिवेदन बुझाएका छन् । उनीहरूले कृषि, जलवायु परिवर्तन, स्वास्थ्य र पर्यटनको क्षेत्रमा काम गरेका हुन् । स्थानीय तहले भने प्रगति प्रतिवेदनसँगै प्रस्तावित रकमअनुसार विकास प्राप्त गर्न नसकेको र त्यसका लागि दक्ष जनशक्ति अभावसमेत देखाएका छन् । त्यस्तै बसाइँसराइ, सडकका कारण बाढीपहिरो निम्तेको, अख्तियारीअनुसारको बजेट पाउन नसक्नुजस्ता समस्या देखाएका छन् ।

जनप्रतिनिधिकै बेवास्ताले जिल्लाका लागि विनियोजित रु एक अर्ब ३३ करोड ८० लाख बढी बजेट खर्च हुन नसकेर फिर्ता भएको छ । सङ्घ र प्रदेश सरकारबाट प्राप्त रु १२ अर्ब ४७ करोड ८५ लाख बजेट प्राप्त भएको हो ।

आर्थिक वर्ष २०८१/०८२ मा सङ्घबाट प्राप्त रु १० अर्ब २८ करोड ६१ लाख २६ हजारमध्ये रु नौ अर्ब २७ करोड ९३ लाख २७ हजार खर्च हुँदा रु एक अर्ब ६७ लाख ७८ हजार फिर्ता भएको छभने प्रदेशबाट जिल्लालाई रु दुई अर्ब १९ करोड २४ लाख बजेट आएकोमा रु एक अर्ब ९६ करोड १२ लाख १५ हजार खर्च भई रु ३३ करोड १२ लाख फिर्ता भएको छ ।

# गोठाला बैँसी झरेपछि भल्कोटमा बढ्यो चहलपहल



ढोरपाटन । यति बेला बागलुङको निसीखोला गाउँपालिका-६ भिबाङमा बारीभरि चर्दै गरेका गाईगोरु, भैँसी र सेताम्य भेडाका भेटिन्छन् । छेउमै बसेर गन्थनमन्थन गर्दै हुन्छन् गोठाला । करिब चार महिना लेकमा बसेर आएका गोठाला गाउँघरका आफन्तसँग भेटा हुँदै निकै खुसी छन् । लेकबाट गोठ झारेपछि भल्कोट क्षेत्रमा गोठाला र बस्तुभाउको चलहपलह बढेको छ ।

गाई, भैँसी, भेडा र बाख्राले भल्कोटका बारी तथा खर्कहरू ढाकिएका छन् । हरेक वर्ष जेठ/असारमा लेक चढ्ने र असोजमा बैँसी झर्ने स्थानीयको परम्पराअनुसार यस वर्ष पनि गोठाला बैँसी झरेपछि भल्कोटमा चहलपहल बढेको हो । एकै परिवारले सयौँको संख्यामा बस्तुभाउ पाल्ने हुँदा गोठाला गुमती बसाइँ बस्छन् ।

बर्खाभरी लेक क्षेत्र बागलुङ, रोल्पा र पूर्वी रुकुमको सिमाना पातिहाल्ने, रिग, तिलाचन, खानीखोला क्षेत्रमा बसेका गोठलाहरू अहिले बैँसी क्षेत्र भर्कोबाङ, भल्कोट, मोराखोला, भिबाङलगायतका क्षेत्रमा छन् । अब यी क्षेत्रमा गहुँ, जौँ छरेपछि खर्चन र गुम भन्ने ठाउँमा जाने स्थानीय मनबहादुर बोहराले बताए ।

गोठालाहरू सुरुमा लेकबाट भर्कोबाङमा झर्ने र त्यहाँ गहुँ, जौँ छरेपछि विस्तारै अन्य ठाउँमा जाने उनको भनाइ छ । अबको करिब १५ दिन भल्कोट क्षेत्रमा बस्ने र त्यसपछि गुम, खर्चनलगायतका ठाउँमा गोठ सार्ने बोहराले बताए ।

"यो त हाम्रो परम्पराजस्तै हो, यति धेरै सम्पत्ति एकै ठाउँमा पाल्न सकिँदैन, बर्खामा लेक, हिउँदमा बैँसी गरेर पाल्नुपर्छ, हाम्रो पाकापुर्खाहरूले त्यही गरे, हामीहरूले पनि त्यही नै गर्दै आएका छौँ, तर पछिल्लो समय पहिलेको जस्तो अवस्था छैन", बोहराले भने-"अहिले त धेरैले बस्तुभाउ पाल्न कम गरेका छन्, पहिले-पहिले त एउटै घरमा पाँच/सात सय डिङ (बस्तुभाउ) हुन्थे, अहिले त धेरै कम भएका छन् ।"

स्थानीय ढालेन्द्र घर्ती मगरले आफूहरू असोज तेस्रो साता मात्रै बैँसी झरेको सुनाए । भल्कोटका बारीमा गहुँ छरेपछि बस्तुभाउलाई अन्तै लैजाने उनको भनाइ छ । लेकमा बस्दा धेरै गोठालाहरूले एकै ठाउँमा भेडाबाख्रा र गाईभैँसी राख्ने गरेको भन्दै बैँसी झरेपछि छुट्टै बाँध्ने उनले बताए । बैँसीमा आ-आफ्नो बारीमा बाँध्ने हुँदा बारीभरि बस्तुभाउ देखिने घर्ती मगरको भनाइ छ । पहिले आफ्ना झण्डै १०० गाई गोरु रहेको भन्दै अहिले धेरै कम भएको उनले सुनाए ।

घर्ती मगरले भने-"बस्तुभाउ पाल्ने धेरै गाह्रो छ, एकै ठाउँमा राखेर पाल्न सकिँदैन, वर्षभरि चरनका लागि ठाउँठाउँमा पुग्नुपर्छ, गोठ सार्ने, पशुचौपाया सार्ने, घाँस काट्नै पर्‍यो, पहिले हाम्रा अग्रजहरूलाई झन कति गाह्रो थियो होला ?, त्यस बेला त अहिलेको भन्दा धेरै पाल्थे, यहीबाट खान लाउन पुगे त हुन्थ्यो पुग्दैन, अरु दुःख पनि गर्नुपर्छ ।"

यस क्षेत्रका किसानले सयौँ पशुचौपाया पाल्दै आए पनि व्यावसायिक बन्न सकेका छैनन् । स्थानीय कुम्भीरा मगरले आफ्ना ५१ वटा गाई रहेको सुनाउँदै यसबाट जीविकोपार्जन हुन नसकेको बताए ।

घरमा पहिलेदेखि नै गाई पाल्दै आएको हुँदा आफूहरूले निरन्तरता दिँदै आएको बताए । गाई धेरै पाल्दा बारीमा मल हुने उनको भनाइ छ । वर्षमा रु २० हजारको दूध, घ्यूसमेत बिक्री गर्न नसकेको मगरले सुनाए ।

# रोयल सहकारीबाट लुम्बिनीकर्मी सम्मानित

स्याङ्जा । जिल्ला सदरमुकाम पुतलीबजारमा रहेको रोयल बचत तथा ऋण सहकारी संस्थाले सहकारीका विषयमा कलम चलाएको भन्दै लुम्बिनीकर्मीलाई सम्मान गरेको छ । लुम्बिनी दैनिकका स्याङ्जा संवाददाता श्रीकृष्ण सिग्देललाई सहकारीले २४औं वार्षिक साधरणसभाको अवसर पारेर सम्मान गरेको हो । लुम्बिनीकर्मी सिग्देललाई दोसल्ला, प्रशंसा–पत्र र नगदसहित मुक्तिनाथ कृषि कम्पनीका अध्यक्ष सीताराम काफ्ले, मुक्तिनाथ विकास बैंकका पूर्व अध्यक्ष भरतराज ढकाल, सञ्चालक भरत लम्साल र सहकारीका अध्यक्ष विष्णुप्रसाद पोखेलले सम्मान गरेका हुन् । झण्डै २ दशकदेखि पत्रकारितामा क्रियाशिल रहेका सिग्देल दुईदशकदेखि लुम्बिनी दैनिकमा आबद्ध छन् ।

पत्रकारिता क्षेत्रलाई दरिलो बनाउन र सञ्चारकर्मीहरुलाई सहकारी क्षेत्रको लेखनमा बढीभन्दा बढी रुची बढाउन हरेक वर्ष एकजना पत्रकारलाई सम्मान गर्ने योजना सहकारीले अगाडि सारेको संस्थाका अध्यक्ष विष्णु पोखेलले बताए । सञ्चार क्षेत्रको सहयोग र सहकार्यले सहकारीको विकासमा टेवा पुग्ने अपेक्षा संस्थाले लिएको अध्यक्ष पोखेलले बताए । साधरणसभामा उत्कृष्ट बचत कर्ता र उत्कृष्ट कारोवार गर्ने व्यवसायीलाई समेत सम्मान गरिएको थियो ।

साधरणसभामा मुक्तिनाथ कृषि कम्पनीका अध्यक्ष तथा रोयल सहकारीका परिकल्पनाकार सीताराम काफ्लेले देशको आर्थिक स्थायित्वका लागि सहकारी र कृषिक्षेत्रबिचको सहकार्य अपरिहार्य रहेको बताए । सहकारीहरुलाई बचत संकलन गर्ने र ऋण लगानी गरी नाफा कमाउने उद्देश्यभन्दा उत्पादनमा जोडिएर नागरिकको आर्थिक समृद्धिमा लाग्नुपर्ने आजको आवश्यकता रहेको काफ्लेले औंल्याए । कृषि क्षेत्रको विकास नभएसम्म मुलुक समृद्ध नबन्ने बताउँदै कम्पनीका अध्यक्ष काफ्लेले सहकारी, स्थानीय सरकार र कम्पनी मिलेर कृषिक्षेत्रको विकास गर्नुपर्ने बताए ।

कार्यक्रममा मुक्तिनाथ विकास बैंकका पूर्व अध्यक्ष भरतराज ढकाल, सञ्चालक सदस्य तथा सहकारीका सल्लाहकार भरत लम्सालले सहकारीलाई बलियो बनाउने माध्यम भनेकै शेयर सदस्यको इमान्दारिता रहेको बताए । रोयल बचतका शेयर सदस्यहरुको इमान्दारीताकै कारण यो सहकारी जिल्लामै अब्बल सावित हुन पुगेको उनीहरुको भनाइ थियो । कार्यक्रममा संस्थाका पूर्व नारायणप्रसाद पौडेल, मुक्तिनाथ विकास बैंकका सिइओ पद्युम्न पोखेल, पूर्व सञ्चालक रामप्रसाद पोखेल, जिल्ला बचत तथा ऋण सहकारी संघ स्याङ्जाका अध्यक्ष लोकनाथ शर्मा, तथा नेपाल पत्रकार महासंघ स्याङ्जाका पूर्व अध्यक्ष ओमप्रकाश शर्मा, श्रीकृष्ण सिग्देललगायतले सहकारी क्षेत्रलाई सबल बनाउन शेयर सदस्यहरु चनाखो हुनुपर्ने धारणा राखेका थिए ।

संस्थाको शेयर पुँजी ३ करोड ६८ लाख ७ हजार ४ सय रुपैयाँ रहेको छ भने जगेडा कोषमा एक करोड ५४ लाखभन्दा बढी रकम जम्मा भएको सहकारीले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ । संस्थाले हालसम्म जम्मा २३ करोड ५१ लाख १६ हजार ५० रुपैयाँ निक्षेप संकलन गरेको र सोही आधारमा १८ करोड ९५ लाख ७१ हजार ९ सय ९९ रुपैयाँ लगानी विस्तार गरिएको प्रतिवेदनमा उल्लेख गरिएको छ । साधारण सभामा सचिव प्रकाश डोटेल, कोषाध्यक्ष दिपेन्द्रमान श्रेष्ठ, लेखा तथा सुपरिवेक्षण समितिका संयोजक बद्रीप्रसाद श्रेष्ठ, र कर्जा उप-समितिका संयोजक कुलानन्द लम्सालले आ-आफ्ना प्रतिवेदन प्रस्तुत गरेका थिए ।

## सुपा देउराली केवलकार आयोजना

(सन्धिखर्क नगरपालिका वडा नं. ७, अर्घाखाँची)

को

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी

## सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८२/०७/१६ गते**

लुम्बिनी प्रदेश, अर्घाखाँची जिल्ला, सन्धिखर्क नगपालिका, वडा नं ७ मा सुपा देउराली केवलकार प्रा.लि. द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वियन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामःसुपा देउराली केवलकार प्रा.लि.<br>ठेगानाः पिङ्गलास्थान, वडा नं ८, का.म.न.पा.,काठमाडौं<br>फोन नंः९८५१०३०८९० |
| प्रस्तावको व्योहोरा | प्रस्तुत विषयमा अर्घाखाँची जिल्लाको सन्धिखर्क नगरपालिका वडा नं ७ मा गोरुसिङ्गे-सन्धिखर्क सडक खण्डको खाँची खोला किनारमा १५५२.३२ मिटर उचाईमा तल्लो स्टेशन तथा सिताचुली म्यूडाँडा सामुदायिक वनको मसिना लेकमा २११३.४६ मिटर उचाईमा माथिल्लो स्टेशन रहने गरि १८५१ मिटर लामो केवलकार र सो सँग सम्बन्धित सहायक संरचनाहरुको निर्माण तथा संचालन । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा/गा.पा | अर्घाखाँची जिल्ला, सन्धिखर्क नगरपालिका, वडा नं. ७ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक तथा भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रको विद्यालय, अस्पताल , स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशन भएका मितिले **सात दिन** भित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| **प्रस्तावकको नाम र ठेगानाः** | **परामर्शदाताको नाम र ठेगानाः** |
|---|---|
| नामःसुपा देउराली केवलकार प्रा.लि. | नामः ग्रिन मिथिला इन्भारमेन्ट कन्जरभेसन प्रा.लि. |
| ठेगानाः पिङ्गलास्थान, वडा नं. ८, का.म.न.पा.,काठमाण्डौ | ठेगानाःईश्वरपुर न.पा.-२, सर्लाही |
| फोन नं. ९८५१०३०८९० | फोन नं. ९८४३२२९८६६३ |
| ईमेलःsupadeuralicablecar@gmail.com | ईमेलःsubashaesk@gmail.com |

## निक्षेप रकमउपर हकदावी गर्न आउने ३५ दिने सूचना

खड्क वहादुर श्रीस मगरको छोरी, शशिधर सारङ्गकोटीको छोराबुहारी, कर्ण वहादुर सारङ्गकोटीको श्रीमती लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, गुल्मीदरबार गाँउपालिका वडा नं. ०३ बस्ने ज्ञानिकला सारङ्गकोटीले यस शाखामा बचत खाता नं. २०९१५२४०३०२०७८ संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०३/१६ मा निज खातावाला ज्ञानिकला सारङ्गकोटीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने हुप वहादुर सारङ्गकोटीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक ज्ञानिकला सारङ्गकोटीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.

**गुल्मी शाखा, नेपालएसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९–५२१०२९
**फ्याक्सः**– ०७९–५२११९४

## निक्षेप रकमउपर हकदावी गर्न आउने ३५ दिने सूचना

छबिलाल कार्कीको नाति, लाल वहादुर कार्की क्षेत्रीको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला, रेसुङ्गा नगरपालिका वडा नं. १२ बस्ने दान वहादुर कार्की क्षेत्रीले यस शाखामा बचत खाता नं. २०९१५२४०३०११४३ संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०२/१३ मा निज खातावाला दान वहादुर कार्की क्षेत्रीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने टाम वहादुर कार्कीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक दान वहादुर कार्की क्षेत्रीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.

**गुल्मी शाखा, नेपालएसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९–५२१०२९
**फ्याक्सः**– ०७९–५२११९४

## निक्षेप रकमउपर हकदावी गर्न आउने ३५ दिने सूचना

डिल वहादुर खत्रीको छोरी, भिम वहादुर घर्तीको छोराबुहारी, चुरा वहादुर घर्तीको श्रीमती लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, गुल्मीदरबार गाँउपालिका वडा नं. ०२ बस्ने खड्कली घर्तीले यस शाखामा बचत खाता नं. २०९१५२४०३०२९३८ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०७/१३ मा निज खातावाला खड्कली घर्तीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने थानेश्वर घर्तिले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक खड्कली घर्तीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.

**गुल्मी शाखा, नेपालएसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९–५२१०२९
**फ्याक्सः**– ०७९–५२११९४

## निक्षेप रकमउपर हकदावी गर्न आउने ३५ दिने सूचना

दयारामको नाति, भक्तीराम पुनको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला, रेसुङ्गा नगरपालिका वडा नं. १३ बस्ने डिल वहादुर पुनले यस शाखामा बचत खाता नं. २०९१५२४०३०१००९ संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०५/१२ मा निज खातावाला डिल वहादुर पुनको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने देवी कला पुनले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक डिल वहादुर पुनको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.

**गुल्मी शाखा, नेपालएसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९–५२१०२९
**फ्याक्सः**– ०७९–५२११९४

## निक्षेप रकमउपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुमान सिं घर्ति क्षत्रीको छोरी, मान सिंह खत्रीको छोराबुहारी, निर वहादुर खत्रीको श्रीमती लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, मालिका गाँउपालिका वडा नं. ०८ बस्ने भवि कुमारी खत्री क्षत्रीले यस शाखामा बचत खाता नं. २०९१५२४०३०३५२४ संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०४/१६ मा निज खातावाला भवि कुमारी खत्री क्षत्रीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने राम वहादुर खत्रीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक भवि कुमारी खत्री क्षत्रीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.

**गुल्मी शाखा, नेपालएसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९–५२१०२९
**फ्याक्सः**– ०७९–५२११९४

## मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

चोरमारा, नवलपरासी (ब.सु.पू.)

गण्डकी प्रदेश, नेपाल

## हाट बजार व्यवस्थापन ठेक्का सम्बन्धी बढाबढ सूचना

**सूचना प्रकाशित मिति २०८२/०७/१६**

यस नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्ती) गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्न लिखित शर्तहरुको अधिनमा रहि ठेक्का नम्बर अनुसारको सिलबन्दी दरभाउपत्र फारम खरिद गरी रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्न ७ (सात) दिने यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | सूचना/ ठेक्का नं. | हाट बजार लाग्ने स्थान | न्यूनतम अंक रु. (भ्याट बाहेक) | ठेक्काको अवधि | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | १/२०८२/०८३ | चोरमारामा लाग्ने मंगलबार र शनिबारको हाट बजार | ४,३०,०००/ | सम्झौता अवधि देखि २०८४ असार मसान्त सम्म | १,०००/- |
| २ | २/२०८२/०८३ | अरुणखोलामा लाग्ने आइतबार र बुधबारको हाट बजार | ४,५५,०००/ | | |
| ३ | ३/२०८२/०८३ | हर्बस्टारमा लाग्ने हाट बजार, वडा नं १५ | ४५,०००/ | | |

**शर्तहरुः–**

१) सिलबन्दी दरभाउपत्रको यो सूचना प्रकाशन भएको मिति २०८२/०७/१६ गते देखि ७ दिन (मिति २०८२/०७/२३) गते भित्र गत आर्थिक वर्षका लागि नविकरण भएको ईजाजत पत्र,आयकर तथा मु.अ.कर. दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ माथि उल्लिखीत दस्तुर (पछि फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा जम्मा गरी सिलबन्दी दरभाउपत्र खरिद शाखाबाट खरिद गर्न सकिने छ ।

२) सिलबन्दी दरभाउपत्र मिति २०८२/०७/२४ गते मध्यान्ह १२:०० बजे भित्र यस कार्यालय दर्ता गर्नुपर्नेछ । सिलबन्दी दरभाउपत्र पेश गर्दा सिलबन्दी गरी कार्यालयको नाम, ठेगाना, ठेक्का नम्बर र कामको विवरण तथा सिलबन्दीवालाको नाम, ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नुपर्ने छ । सिलबन्दी दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको पहिलो दिन सोही समयमा हुनेछ ।

३) सिलबन्दी दरभाउपत्र साथ आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको नेपाल बैंक लि. चोरमारा शाखामा धरौटी खाता नं. ३१८०३०००००३००१०००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ ।

४) म्याद भित्र दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु दर्ता भएको अन्तिम दिनको २:०० बजे पछि कार्यालयका प्रतिनिधि वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट विक्री नभएको सिलबन्दी दरभाउपत्र फारम भरी आएको सिलबन्दी दरभाउपत्रवालाको दस्तखत एवं छाप नभएको र प्रचलित कानूनको रित नपुगेको र शर्त राखी पेश भएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्रवालाको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५) सिलबन्दी दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएकोले मितिले बाटो म्याद बाहेक ७ दिन भित्र आफूले कवोल गरेको अंकको एकमुष्ट रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लि.चोरमारा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३१८०३००००१००१००००००१ मा जम्मा गरी सक्कल बैंक भौचर पेश गरी ठेक्का कबुलियत गर्न आउनु पर्नेछ ।

६) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेको व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेस्की/ बेरुजु बाँकी हुनेले फर्छ्यौट नगरेसम्म सिलबन्दी दरभाउपत्र खरिद गर्न पाउने छैन ।

७) दर्ता नभएको सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८) यसमा उल्लेख भएको कुराहरु यस बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ । साथै संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकाबाट समय समयमा गरिएको निर्देशनहरुको सिलबन्दी दरभाउपत्रवालाले पालना गर्नु पर्नेछ । हाट बजार कर नगरपालिकाको आर्थिक ऐन,२०८२ बमोजिम हुनेछ ।

९) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**


ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सेफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



**रेसुङ्गाको महापोखरीमा दर्शनार्थीः**
हरिबोधनी एकादशीको अवसरमा शनिबार गुल्मीको धार्मिक तथा पर्यटकीयस्थल रेसुङ्गाको महापोखरीमा दर्शनार्थीहरूको घुइँचो। रेसुङ्गा पोखरीमा हरिबोधनी एकादशीको दिन स्नान गर्नाले आफूले गरेका पाप नष्ट हुने धार्मिक विश्वास रहेको छ। तस्विर : सामाजिक सञ्जाल

# इस्माली समाज रूपन्देहीद्वारा वृहत् देउसी–भैलो कार्यक्रम सम्पन्न



रुपन्देही । इस्माली समाज रुपन्देहीले "इस्मालीको सान, परम्परागत मौलिक संस्कृति हाम्रो पहिचान" भन्ने मूल नाराका साथ रुपन्देहीको तिलोत्तमा नगरपालिका-३, ड्राइभरटोलस्थित ब्ल्युबेल पार्टी प्यालेसमा बृहत् देउसी-भैलो कार्यक्रम-२०८२ सम्पन्न गरेको छ।

कार्यक्रमको अध्यक्षता इस्माली समाज रुपन्देहीका अध्यक्ष कृष्ण जिसीले गरेका थिए भने इस्मा गाउँपालिका-१ का पूर्व अध्यक्ष चुराबहादुर खत्री प्रमुख अतिथिको रूपमा रहेका थिए।

सह-सचिव पदम जिसीले सञ्चालन गरेको उक्त कार्यक्रममा समाजका वरिष्ठ उपाध्यक्ष लोकप्रसाद खरेलले स्वागत मन्तव्य व्यक्त गरेका थिए।

साँस्कृतिक कार्यक्रम संयोजक विष्णु घिमिरेको रहेको थियो।

कार्यक्रमका प्रमुख अतिथि खत्रीले इस्माली समाजले साँस्कृतिक परम्परा जगेर्ना गर्न, सामाजिक एकता मजबुत बनाउन र समुदायबिच समन्वय तथा सहकार्य बढाउन गरेको योगदानको प्रशंसा गर्दै आगामी दिनमा अझ ठूला सामाजिक कार्यमा अग्रसर रहोस् भन्ने शुभकामना व्यक्त गरेका थिए।

त्यस्तै अध्यक्ष जिसीले समाजको स्थायी भवन निर्माणका लागि संस्थाले सक्रिय पहल गरिरहेको जानकारी दिए।

"इस्माली समाज रुपन्देहीले इस्मालीहरूको हरेक सुख-दुःखमा काम गर्दै आएको र समाजले इस्मामा आगजनी/डढेलो पीडित तथा कोरोनाकालदेखि नै विभिन्न समयमा सहयोग पुऱ्याउँदै आएको छ।"-जिसीले भने।

कार्यक्रममा विविध साँस्कृतिक प्रस्तुति, देउसी भैलो, नृत्य तथा मनोरञ्जनात्मक कार्यक्रमहरू प्रस्तुत गरिएको थियो।

इस्माली समाज रुपन्देहीका पदाधिकारी, सदस्यहरू, स्थानीय सरोकारवाला र अतिथिहरूको उल्लेखनीय सहभागितामार्फत् कार्यक्रम उत्साहपूर्ण र भव्य रूपमा सम्पन्न भएको थियो।

# ठूला दलहरूमा अन्तरकलह र फुट

**लुम्बिनी संवाददाता**

*बुटवल*

भदौ २३ र २४ गतेको जेन जी विद्रोहले कांग्रेस-एमालेको गठबन्धन सरकार ढालेर सत्तापलट गरिदिएपछि अधिकांश ठूला दलहरुमा रहेको असन्तुष्टी र मतभेद सतहमा आएको छ। कतिपय दल त विभाजन नै भइसके। जेन जी आन्दोलनले खासगरी लामो समयसम्म राज्यसत्ता र पार्टी सत्तामा बसेका नेताहरुले नेतृत्व छाड्नुपर्ने सन्देश दिएको छ। आन्दोलनमा उनीहरुको यस्तो माग नभएपनि पुराना शीर्ष नेताहरुका निजी निवास र सम्पत्तिमाथि आक्रमण र शेरबहादुर देउवा दम्पतिमाथि भौतिक आक्रमण, एमाले अध्यक्ष ओलीलगायतविरुद्धका नाराले युवा पुस्ताले वृद्ध नेताहरुले कार्यकारी भूमिका छाड्नुपर्ने मनोवैज्ञानिक दबाब सिर्जना गरेको छ। जेन जी आन्दोलनपछि नेतृत्वकै विषयलाई लिएर भएको आपसी कलहले जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, नेकपा एकीकृत समाजवादी पार्टी विभाजन नै भइसकेका छन्। नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्र, रास्वपा र राप्रपामा पनि अन्तरकलह छ। तर रास्वपाको अन्तर कलह अरु दलको भन्दा कम सुनिएको/देखिएको छ।

नेपाली कांग्रेसमा १५औं महाधिवेशनबाट नेतृत्व परिवर्तनको विषय पेचिलो बनेको छ। संस्थापन पक्ष महाधिवेशनलाई फागुन २१ पछाडि धकेल्न खोजिरहेको छ भने इतर पक्ष मंसिर-पुसभित्र महाधिवेशन गरेर चुनावमा जानुपर्ने पक्षमा छ। यही विषयले पार्टीभित्र अन्तर कलह चर्किएको छ। शेरबहादुर देउवाले उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक दिएर पत्नी अराजुसहित सिंगापुरतिर लागेका छन्।

महाधिवेशन कहिले गर्ने भन्ने विषयमा सहमति जुटाउन शनिबार बसेको पदाधिकारी बैठक बिना सहमति टुंगिएको छ। महाधिवेशनको कार्यतालिकामा सहमति जुटाउने पार्टी केन्द्रीय कार्यालयमा बसेको पदाधिकारी बैठक बिना सहमति टुंगिएको हो। छलफलमा सहभागी एक पदाधिकारीका अनुसार बैठकमा दुई वटा कार्यतालिका प्रस्ताव भएको छ। महामन्त्री विश्वप्रकाश शर्माले आगामी पुस १६-१८ मा महाधिवशेन सम्पन्न गर्ने प्रस्ताव गरेपछि संस्थापन पक्षले आगामी बैशाखको कार्यतालिका प्रस्तुत गरेको हो।

संस्थापन पक्षका तर्फबाट आगामी बैशाखको २८-३० मा महाधिवेशन आयोजना गर्ने प्रस्ताव पेश भएको संस्थापन पक्षीय एक सह-महामन्त्रीले जानकारी दिए। पदाधिकारी बैठकमा सहमति नजुटेपछि आइतबार केन्द्रीय कार्यसमिति बैठकअघि केन्द्रीय कार्यसम्पादन समितिको बैठक बस्ने भएको छ।

नेकपा एमालेले मंसिर अन्तिम साता पोखरामा महाधिवेशन गर्ने भएको छ। एमालेमा पनि केपी ओली नेतृत्वबाट हट्नुपर्ने र नपर्ने विषयमा पार्टीभित्र मतभिन्नता छ। जेन जी आन्दोलनपछि ओलीले नेतृत्व छाड्नुपर्ने पक्ष थप बलियो बन्दै गएको छ।

माओवादी केन्द्रमा पनि प्रचण्डले नेतृत्व छाड्नुपर्ने आवाज उठेको छ। नेकपा एकीकृत समाजवादीको माधव नेपाल पक्षलगायत साना कम्युनिष्ट घटकसँग पार्टी एकता गरेर प्रचण्डले फेरि पनि नेतृत्व आफैँमा राख्ने रणनीति बनाएको प्रचण्डको विकल्प खोज्नेहरुमा छ। तर उपमहासचिव जनार्दन शर्माले यो एकता रोक्नुपर्ने मत राखेका छन्। उनले शनिबारको पार्टी बैठकमा नेकपा एकीकृत समाजवादीसँगको एकता तत्काल स्थगन गर्न माग गरेका छन्।

सचिवालय बैठकमा नेता शर्माले भनेका छन्-'यो एकता प्रक्रियालाई तत्काल स्थगन गरी पार्टीको समग्र पुनर्गठन, वैचारिक स्पष्टता र जनपक्षीय दिशामा अघि बढ्न सबै कमरेडहरूलाई गम्भीरतापूर्वक आह्वान गर्दछु।' एकीकृत समाजवादीसँगको एकताले वर्तमानको देशको राजनीतिक संकट समाधान नगर्ने उनको निष्कर्ष छ। एकीकृत समाजवादीसँगको एकता तत्कालका लागि रोक्नुपर्ने कारणमा उनी भन्छन्-'यस्तो एकताले विगतदेखि कम्युनिस्ट आन्दोलनले भोग्दै आएको विघटनको इतिहासलाई दोहोऱ्याउनेछ।'

माओवादी केन्द्रको पार्टीको आधारस्तम्भको रूपमा रहेका शहीद, बेपत्ता, घाइते योद्धाहरूको सपना, त्याग र आकांक्षालाई बेवास्ता हुने भन्दै उनी थप्छन्-'यो प्रक्रिया वास्तविक समाधान होइन, कम्युनिस्ट आन्दोलनको बिगठनको बाटो रोजेको छ।'

एकीकृत समाजवादीसँग बिना वैचारिक स्पष्टता, विगतको समीक्षा र संगठनात्मक तयारी नगरी एकता गर्न खोजिएको उनको टिप्पणी छ- 'एकताले वाम आन्दोलनलाई बलियो बनाउने होइन, बरु क्रान्तिकारी धार कमजोर पार्नेछ र दक्षिणपन्थी अवसरवादलाई बल पुराउनेछ।'

अहिलेको अवस्थाको एकता दीर्घकालीन दृष्टिले हानिकारक हुने उनको दाबी छ। उनी भन्छन्-'हतारको एकताले केही नेताहरूको व्यक्तिगत स्वार्थ पूरा गर्न सक्छ, तर आम कम्युनिस्ट आन्दोलनका लागि प्रतिकूल परिणाम ल्याउनेछ। त्यसैले उपयुक्त गृहकार्य वैचारिक स्पष्टता र एकता बिना गरिएको एकता दीर्घकालीन दृष्टिले हानिकारक हुनेछ।'

# रूपन्देहीमा एनपीएल ट्रफी टुर




बुटवल। नेपाल प्रिमियम लिग (एनपीएल) को ट्रफी रूपन्देहीका विभिन्न स्थानमा परिक्रयमा गराइएको छ। ट्रफी टुरअन्तर्गत शनिबार भैरहवास्थित गौतमबुद्ध विमानस्थल हुँदै रुपन्देही ल्याइएको हो।

शनिबार बिहान रुपन्देही ल्याइएको एनपीएलको ट्रफीलाई जिल्लाका पुरातात्विक र ऐतिहासिक स्थानमा प्रदर्शन गरिएको छ। ट्रफी टुरका लागि बिहान साढे ९ बजे बुद्ध एयरको जहाजमार्फत् ट्रफी भैरहवा ल्याइएको थियो। बिहान गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरिएसँगै बुद्धजन्मस्थल लुम्बिनी हुँदै विभिन्न स्थानमा घुमाइएको छ।

काठमाडौंबाट बाकसमा ल्याइएको ट्रफी एनपीएल सदस्य टिम लुम्बिनी लायन्सका मालिक ईश्वर जीसी र रुपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापाले ग्रहण गरेका थिए। विमानस्थलको आन्तरिक टर्मिनलमा ट्रफी ग्रहण गरेलगत्तै बाजागाजासहित स्वागत गरिएको थियो।

ट्रफीको स्वागतका लागि लुम्बिनी लायन्सका सदस्य, रुपन्देही क्रिकेट संघका पदाधिकारी, क्रिकेटप्रेमी र सर्वसाधरण विमानस्थल पुगेका थिए। स्वागतका लागि नेपाल प्रहरीको ब्यान्ड पुगेको थियो।

लुम्बिनी लायन्सका मेन्टर शक्ति गौचनका अनुसार विमानस्थलबाट ट्रफीलाई बुद्ध जन्मस्थल लुम्बिनी लगिएको र त्यहाँ ट्रफी सार्वजनिक गरेपछि फर्काएर भैरहवास्थित सिद्धार्थ रंगशालामा स्वागत गरिएको थियो। त्यसपछि रुपन्देहीको बेलहिया नाका हुँदै तिलोत्तमा नगरपालिकामा रहेको एक्स्ट्राटेक ओभल क्रिकेट रंगशाला पुयाइएको छ। एक्स्ट्राटेक लुम्बिनी लायन्सको घरेलु मैदान हो। त्यसपछि सिद्धबाबा धाममा ट्रफी पुऱ्याएर टुरको अन्त्य गरिएको छ। मणिग्रामस्थित विश्राम बाटिका होटलमा औपचारिक कार्यक्रम गरिने गौचनले जानकारी दिए। दिनभर सञ्चालन गरिने ट्रफी टुरमा वर्तमान र पूर्व खेलाडी, क्रिकेट प्रेमी, क्रिकेट संघका पदाधिकारी र खेलप्रेमीको सहभागिता रहेको थियो।

# दुर्घटनाबाट जोगियो श्री एअरलाइन्सको जहाज



बुटवल। धनगढीबाट काठमाडौंका लागि उडेको श्री एयरलाइन्सको जहाजमा प्राविधिक समस्या आएपछि भैरहवा विमानस्थलमा आकस्मिक अवतरण भएको छ।

धनगढीबाट १० बजे उडेको फलाइट नम्बर २२२ को जहाज काठमाडौं नपुग्दै बिच बाटोमै हाइड्रोलिक फेलियर भएपछि सुरक्षित अवतरणका लागि गौतमबुद्ध विमानस्थलमा अवतरण गराइएको हो।

हाइड्रोलिक फेल भएका कारण जहाज धावनमार्गबाट गुड्न नसकेपछि करिब ४० मिनेट विमानस्थलका अन्य उडान अवरुद्ध हुन पुगेको विमानस्थलका सूचना अधिकारी विनोदसिंह राउतले बताए।

आकस्मिक अवतरण भएपछि चालक दलका सदस्य र ८२ यात्रु सकुशल छन्। अवतरण क्रममा जहाजको अगाडिको ल्यान्डिङ गियरमा समस्या आएपछि झण्डै एक घण्टा धानवमार्गमा रोकिएको थियो। साढे १२ बजे मात्रै ल्यान्डिङ गियरको समस्या सल्टेपछि जहाज गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनलको पार्किङ् स्थलमा राखिएको थियो। धावनमार्गबाट जहाज हटाएपछि विमानस्थल सञ्चालनमा आएको थियो।

# उत्कृष्ट स्वास्थ्य सेवामा कञ्चनसहित तीन पालिका सम्मानित

**जगीलाल थापा**

*कञ्चन*

लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय स्वास्थ्य कार्यालय रुपन्देहीले स्थानीय तहमा स्वास्थ्यका हरेक मापदण्डहरु पूरा गरेको आधारमा रुपन्देहीका उत्कृष्ट तीन स्थानीय तहरुलाई सम्मान गरेको छ।

आर्थिक वर्ष २०८१/०८२ मा स्वास्थ्य कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न गरी मुख्य मुख्य सूचाङ्कहरुको आधारमा गरिएको मूल्याङ्कनमा कञ्चन गाउँपालिका तेश्रो भएको हो। रूपन्देही जिल्लाका १६ स्थानीय तहरुमध्ये कञ्चन गाउँपालिका तेश्रो हुँदा मर्चवारी गाउँपालिका पहिलो भएको कञ्चन गाउँपालिकाका जनस्वास्थ्य अधिकृत गणेश सुनारले जानकारी दिए।

यसैगरी सिद्धार्थ नगरपालिका दोश्रो भएको छ। स्थानीय तहमा विभिन्न जन स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रम गरी नागरिकहरुको जीवन स्वस्थ बनाउने कार्यमा अहम भूमिका खेल्दै आइरहेका १६ वटै स्थानीय तहलाई लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्री खेमबहादुर सारुले बधाई तथा धन्यवाद दिएका थिए।

लुम्बिनी प्रदेश स्वस्थ्य मन्त्रालयका सचिव दुर्गा लक्ष्मी श्रेष्ठले स्थानीय तहलाई स्वास्थ्यका विभिन्न सुचाङ्कहरु पूरा गरी सबल बनाउन अहम भूमिका खेल्ने स्वास्थ्यकर्मी, सामुदायिक महिला स्वस्थ्य स्वयम्सेविका, स्थानीय जनप्रतिनिधि, कर्मचारी, साझेदार संस्था, टोल विकास संस्था, क्लब तथा आमा समूहलगायत सरोकारवाला सबैलाई धन्यवाद दिँदै सराहना व्यक्त गरेका थिए।

कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यलयका जनस्वास्थ्य प्रशासक उमादेवी थापाले आगामी दिनहरुमा पनि स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा उच्च मनोबलकासाथ समर्पित हुने विश्वास व्यक्त गरिन्।

पालिकाभित्र वर्षभरी विभिन्न स्वास्थ्यसम्बन्धी कार्यक्रमहरु सञ्चालन गरी जिल्ला स्वास्थ्य कार्यालयले दिएको मापदण्ड र सूचाङ्कहरु पूरा गरि कञ्चन गाउँपालिका तेश्रो भएकोमा खुशी व्यक्त गर्दै कञ्चन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत माधवराज पोखेलले आगामी दिनहरूमा स्वास्थ्यको क्षेत्रमा अझ प्रभावकारी र गुणस्तरीय सेवा प्रवाह गर्न साथै उत्कृष्ट नतिजा हासिल गर्न सरोकारवाला सबैको निरन्तर सहयोग, सहभागिता र प्रतिबद्धता रहनेछ भन्ने विश्वास व्यक्त गरे।

यसै सन्दर्भमा कञ्चन गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख ढालबहादुर जिसीले पालिकालाई जिल्लामै तेश्रो बनाउन महत्वपूर्ण भूमिकासहित योगदान गर्ने सम्पूर्ण सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्यकर्मी, जनप्रतिनिधि, कर्मचारी, टोल विकास संस्था तथा साझेदार संस्थाका सबै प्रतिनिधिहरुलाई धन्यवादसहितहरुमा बधाई समेत ज्ञापन गरेका थिए।

जिल्ला स्वास्थ्य कार्यालय रुपन्देहीले हतेक वर्ष जिल्लाका स्थानीय तहहरू र स्वास्थ्य कार्यालयअन्तर्गतका स्वास्थ्य संस्थाहरूबाट सञ्चालित स्वास्थ्य कार्यक्रमहरूको प्रमुख सूचकहरूका आधारमा मूल्याङ्कन गरी उत्कृष्ट स्थानीय तहहरुलाई सम्मान तथा प्रोत्साहन गर्दै आइरहेको छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरु
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com